जन्मिएर आउने नाबजतशिशुको खुसी र सुखको कामना गर्दछौ

# बच्चा जन्माउँदा लाग्नेखर्च सहयोग प्राप्तगर्ने प्रणालीको जानकारी

कम आय आम्दानीको कारण बच्चा जन्माउदा लाग्ने खर्च तयारी गर्न नसक्ने व्यक्तिहरुको लागि, ढुक्क भै आनन्दसँग बच्चा जन्माउनको लागि यो अनुदान प्रणालीको व्यवस्था गरिएको हो। (आफ्नो आय आम्दानीको आधारमा आफुले कति भुक्तानी गर्नुपर्ने निर्भर हुन्छ।)

## बच्चा जन्माउँदा लाग्नेखर्च सहयोग प्राप्तगर्ने प्रणाली उपयोग गर्नसक्नु हुने व्यक्तिहरु…

नगरकर कर छूट भएका घरपरिवार वा दैनिक जिविकोपार्जन गर्न कठिनाई भै भत्ता प्राप्त गर्दै आईरहेका घरपरिवार आदिले, बच्चा जन्मिनु भन्दापहिले नै वडाकार्यालयको परिवार स्वास्थ्य बिभाग (कातेइ केनको खा) अथवा मियागी सामान्य शाखा स्वास्थ्य तथा कल्याण बिभागमा गएर उपयोग गर्नको लागिको आबेदन गरेकोभै, यस अन्तर्गत भित्रमा पर्नुभएका व्यक्तिकरुमा लक्षित हुनेछ ।

## आबेदन गर्ने प्रक्रियाको लागि…

पछाडि पट्टिको काउन्टर (प्रत्येक वडाकार्यालयको परिवार स्वास्थ्य बिभाग (कातेइ केनको खा) ,मियागी सामान्य शाखा स्वास्थ्य तथा कल्याण बिभाग) मा सेवा उपलब्ध हुनेहुँदा जतिसक्दो चाँडो परामर्श गर्नुहोस ।

[आवश्यक पर्ने कागजपत्रहरू]

*माइ नम्बर पुष्टि गर्नसकिनेकागजपत्र ① अथवा ② मध्ये कुनैपनि एउटा)

① व्यक्तिगत नम्बर कार्ड (अनुहार देखिने फोटो भएको)

② माई नम्बर कार्डको लागी पठाएको सूचना कार्ड आदि (अनुहारको फोटो नभएको) साथै चालक अनुमतिपत्र आदिको आफ्नो पहिचान पुष्टी हुने कागजपत्र

※यदि माई नम्बर कार्डको लागी पठाएको सूचना कार्डको नम्बर पुष्टीहुने कागजपत्रको रुपमा प्रयोग गर्न नसकेको खण्डमा, आफ्नो व्यक्तिगत नम्बर लेखिएको निवासी कार्डको प्रतिलिपि अथवा निवासीको कार्ड लेखिएको प्रमाणपत्र

※व्यक्तिगत नम्बर सूचना कार्डको नम्बर प्रमाणित गर्ने कागजपत्र वा आफ्नो पहिचान पुष्टी हुने कागजपत्रको रूपमा प्रयोग गर्न सकिँदैन।

* यदि सँगै बस्ने व्यक्ति भएको खण्डमा, आफ्नो हस्तलिखित अनुमति पत्र, कर छुट प्रमाणपत्र, आदि पेश गर्नुपर्ने आवश्यकता पर्छ।

* दैनिक जिविकोपार्जन गर्न कठिनाई भै भत्ता प्राप्त गरेको प्रमाणपत्र

* बाल स्वास्थ्य जाँच पुस्तिका (बोसितेच्यो)

* स्वास्थ्य बिमा कार्ड  आदि



## आफ्नो तर्फबाट भुक्तानी गर्नुपर्ने रकमको बारेमा…

बच्चा जन्मिएपछि स्वास्थ्य बिमाबाट प्रदान गरिएको रकम 「बच्चा जन्माउन हुर्काउनको लागि एकमुष्ट रकम」 बाट एकभाग जति रकम आफुले भुक्तानी गर्नुपर्छ ।

• दैनिक जिविकोपार्जन गर्न कठिनाई भै भत्ता प्राप्त गर्दै आईरहेका घरपरिवारको लागि, आफ्नो तर्फबाट भुक्तानी गर्नुपर्ने रकम चाँही जेरो येन (निशुल्क) हो ।

• नगरकर कर छूट भएका घरपरिवारको लागि आफ्नो तर्फबाट भुक्तानी गर्नुपर्ने रकमको रुपमा, उनान्सय

हजार आठसय (99,800) येन हो ।

＊बच्चा जन्माउन हुर्काउनको लागि एकमुष्ट रकम चारलाख अठासीहजार (488,000) येन को दुईभाग (20%) ＋ दुईहजार दुईसय (2,200) येन ＝ उनान्सय हजार आठसय (99,800) येन

• सेन्दाई सिटि राष्ट्रीय स्वास्थ्य बीमा बाट 「बच्चा जन्माउन हुर्काउनको लागि एकमुष्ट रकम」 प्राप्त गर्नु भएको अवस्थामा, आफ्नो तर्फबाट भुक्तानी गर्नुपर्ने रकम हिसाब गरि प्रतिनिधिलाई सहमति गरिएको आधारमा, आफुले तिर्नुपर्ने रकम कटौती गरि भुक्तानी गरिनेछ ।

बिस्तृत बिवरणका लागि कातेइ केनको खा को काउन्टरमा सम्पर्क गर्नुहोस ।

## बच्चा जन्माउनको लागिको अनुदान प्रणाली उपयोग गर्नसकिने अस्पतालहरु

●सेन्दाई सिटि सरकारी अस्पताल
सेन्दाई सिटि ताइहाकु कु आसुतो नागामाची 1-1-1 (☎022-308-7111)

●सेन्दाई सेकीज्युजी अस्पताल
सेन्दाई सिटि ताइहाकु कु यागीयामा होमाची 2-43-3 (☎022-243-1111)

●तोहोकु विश्वविद्यालय अस्पताल
सेन्दाई सिटि आओबा कु सेरियो माची 1-1 (☎022-717-7000)

●सेंडाई मेडिकल (इरियो) सेन्टर
सेन्दाई सिटि मियागीनो क मियागी नो 2-11-12 (☎022-293-1111)

**बच्चा जन्माउनको लागिको अनुदान प्रणालीको,** उपयोग गर्न मिल्छ भन्ने निर्धारित भएपछि, तपाई भर्ना हुन लाग्नु भएको अस्पतालमा नियमित प्रसूति जाँचहरू गराई, बच्चा जन्माउने दिनको प्रतिक्षा गरौ।

**गर्भावस्थाको जाँच गराउनको लागि** 14 पटक सम्मलाई सिटिबाट अनुदान स्वरुप निशुल्क टिकट उपलब्ध गर्नसकिन्छ । अनुदान टिकट भने, बाल स्वास्थ्य जाँच पुस्तिका (बोसितेच्यो) सँगै अलग पानामा संलग्न गरिएको छ । बिस्तृत बिवरणका लागि कातेइ केनको खा को काउन्टरमा सम्पर्क गर्नुहोस ।

**उपयोग गर्न सकिने अवधि** बच्चा जन्माउने मितिको अघिल्लो दिनबाट, डाक्टरले स्वीकृति दिएको अवधि सम्ममा रहनेछ । सैदान्तिक रुपमा, 14 दिन भित्र मात्र हो ।

## सम्पर्क, आवेदनको लागि भने

आफु बसोबास गर्नु भएको वडाकार्यालयको परिवार स्वास्थ्य बिभाग (कातेइ केनको खा), मियागी सामान्य शाखा कार्यालय स्वास्थ्य तथा कल्याण बिभागमा

| | |
|---|---|
| **आओबा वडा कार्यालय** | TEL022-225-7211 |
| **मियागी सामान्य कार्यालय शाखा** | TEL022-392-2111 |
| **मियागीनो वडा कार्यालय** | TEL022-291-2111 |
| **वाकाबयासी वडा कार्यालय** | TEL022-282-1111 |
| **ताइहाकु वडा कार्यालय** | TEL022-247-1111 |
| **इजुमी वडा कार्यालय** | TEL022-372-3111 |

**सेन्दाई सिटि**

**रेवा 5 (2023) मे महिना**